स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



रेखा थापाको निर्देशन रहेको फिल्म "माया भनेकै यस्तो होला"को नयाँ पोस्टर सार्वजनिक भएको छ । मुख्य कलाकारलाई समावेश गर्दै निर्माण टिमले पोस्टर सार्वजनिक गरेको हो । जहाँ अभिनो दील श्रेष्ठ छन् । त्यहाँ मदनकृष्ण श्रेष्ठ, लक्ष्मी गिरी, सृष्टि श्रेष्ठ, नीति शाह, नम्रता श्रेष्ठ पनि छन् । यो फिल्म २६ भदौदेखि प्रदर्शन तयारीमा छ ।

आजको विचार...



प्रा. पुरुषोत्तम दाहाल

काङ्ग्रेसमा ...

(दुई पेजमा)



छायांकनको तयारी गरिरहेको फिल्म "मन विनाको धन २"मा नायक विपिन कार्कीको प्रवेश भएको छ। पछिल्लो समयका सर्वाधिक व्यस्त तथा उच्च माग भएका नायक कार्कीको प्रवेशसँगै फिल्मको लाइनअप बलियो भएको छ। फिल्ममा विपिनको भूमिका के हुनेछ भन्ने विषयमा केही पनि खुलाइएको छैन। टंक बुढाथोकी प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्मको मुख्य भुमिकामा अभिनय रहने गरेर विपिन भित्रिएका हुन्।

❒ वर्ष ३१ ❒ अंक ३४५ ❒ २०८३ असार २९ गते सोमबार 13 July 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### अमेरिका–इरान तनाव चर्कियो

**(रासस/सिन्ह्वा)**

**वाशिङ्टन/तेहरान,** असार २८ / अमेरिकी सेन्ट्रल कमाण्डले आइतबार इरानविरुद्धको सैन्य अभियानको तेस्रो चरण सम्पन्न भएको जनाएको छ । कमाण्डका अनुसार यस चरणमा करिब १४० वटा लक्ष्यमा आक्रमण गरिएको छ । सामाजिक सञ्जाल 'एक्स'मार्फत सेन्टूल कमाण्डले जनाएअनुसार आक्रमणका क्रममा क्षेप्यास्त्र तथा ड्रोन प्रक्षेपणस्थल, गोलाबारुद भण्डारण केन्द्र, सञ्चार उपकरण तथा अन्य सैन्य पूर्वाधारलाई निशाना बनाइएको थियो । यसअघि जारी अर्को विज्ञप्तिमा कमाण्डले व्यावसायिक जहाजमाथि भएका आक्रमणपछि इरानलाई समझदारीपत्र पालना गर्ने अवसर दिइएको भए पनि त्यसमा असफल भएको दाबी गरेको थियो । यसैबीच, युनाइटेड किंडम मेरिटाइम ट्रेड अपरेसन्सले शनिबार अबेर ओमानको तट नजिक भएको एक घटनामा क्षति पुगेपछि एउटा कन्टेनर जहाजमा आगलागी भएको जनाएको छ । इरानको सरकारी सञ्चारमाध्यम 'प्रेस टिभी'का अनुसार दक्षिणी इरानका विभिन्न सहरमा विस्फोट भएका छन् । साथै, इरानले मध्यपूर्वमा रहेका अमेरिकी लक्ष्यविरुद्ध शृङ्खलाबद्ध जवाफी आक्रमण सुरु गरेको जनाएको छ ।

# बदलिँदो बजारसँगै बदलिँदै कुमालको पेसा

## माग बढे पनि जनशक्ति भने घट्दै

**राष्ट्रिय समाचार समिति (रासस)**

**तुलसीपुर (दाङ),** असार २८ / केही वर्षअघिसम्म प्रेमबहादुर कुमालको दिनचर्या माटाका गाग्री, हाँडी र भुर्का बनाउनमै बित्थ्यो । अहिले भने उनी प्रायः माटाका प्लेट र कप मात्रै बनाउन्छन् । बजारको माग फेरिएसँगै पुस्तौँदेखि अपनाउँदै आएको कुमाले पेसाले पनि नयाँ स्वरूप लिन थालेको छ । तुलसीपुर उपमहानगरपालिका-७ प्रसेनीका प्रेमबहादुर भन्छन्, "पहिले गाग्री, भुर्का र हाँडीको निकै माग हुन्थ्यो, अहिले बजारमा प्लास्टिकका भाँडा सजिलै पाइने भएकाले ती सामग्रीको माग घटेको छ ।

बरु अहिले माटाका प्लेट र कपको माग बढ्दो छ ।"पछिल्लो समय विभिन्न स्थानमा 'मट्का चिया' पसल खुल्न थालेपछि माटाका कपको माग उल्लेख्य रूपमा बढेको उनको अनुभव छ । चियासँगै माटोको स्वाद र वातावरण खोज्ने ग्राहक बढेकाले



आफूहरूले उत्पादन गरेको सामग्री बजारमा सहजै बिक्री हुने गरेको उनी बताउन्छन् ।"माग धेरै आउँछ, केही होटल सञ्चालकले त 'यतै आएर बनाए पनि हुन्छ' भनेर कोठासमेत दिने प्रस्ताव गर्नुहुन्छ", उनले भने, "तर जनशक्ति अभावका कारण मागअनुसार उत्पादन गर्न सकिरहेका छैनौँ ।"

प्लेट र कपसँगै अहिले माटाका गमला तथा सजावटका लागि प्रयोग हुने घोडालगायतका मूर्ति बनाउन पनि अर्डर आउने गरेको छ । यसले परम्परागत कुमालको पेसामा नयाँ सम्भावनाको संकेत देखाए पनि दक्ष जनशक्तिको अभाव भने मुख्य चुनौती बनेको छ । कविराम कुमालका अनुसार नयाँ पुस्ताको घट्दो आकर्षणले यो पेसाको भविष्यप्रति चिन्ता बढाएको छ । "माग त पर्याप्त छ, तर यो पेसा अहिले पनि हामीजस्ता पुरानै पुस्ताले धानेका छौँ", उनले भने, "नयाँ पुस्ताले अपेक्षाअनुसार चासो नदिँदा यो पेसा संकटमा पर्ने हो कि भन्ने चिन्ता लाग्छ, यद्यपि केही युवाले सिक्ने प्रयास भने गरिरहेका छन् ।" गरिबी निवारण कोषबाट प्राप्त 'ग्लेजिङ' मेसिनले उत्पादनको गुणस्तर सुधार्न सहयोग पुगेको छ । त्यसैगरी हस्तकला महासैले दिएको तालिमपछि यहाँका कुमाल समुदायले आधुनिक डिजाइनका प्लेट, कप र अन्य सामग्री बनाउन सिकेका हुन् । तर उत्पादनको मूल्य निर्धारण गर्ने कुनै मापदण्ड नहुँदा बिक्री मूल्य भने ग्राहकसँगको समझदारीमै निर्भर रहने गरेको उनीहरूको भनाइ छ । "हामीले बनाएका माटाका भाँडाको निश्चित मूल्य छैन", कविरामले भने, "त्यसैले अनुमान र बार्गेनिङकै आधारमा बिक्री गर्नुपर्छ ।" कुनै समय करिब ६० परिवारले बसोबास गर्ने यस कुमाल बस्तीमा अहिले १०-११ परिवार मात्रै सक्रिय रूपमा माटाका भाँडा बनाउने पेसामा संलग्न छन् । बजारको माग बढे पनि पेसामा संलग्न हुने जनशक्ति भने घट्दै गएको छ । कच्चापदार्थको अभाव अर्को समस्या बनेको छ । अहिले उनीहरूले तुलसीपुर-७ को कालोखोला क्षेत्रबाट माटो ल्याउने गरेका छन् । तर त्यहाँबाट माटो निकाल्ने विषयमा स्थानीयसँग पटक-पटक विवाद हुने गरेको उनीहरूको गुनासो छ । आवश्यक गुणस्तरको माटो सहज रूपमा उपलब्ध हुन नसक्दा उत्पादनमा असर पर्ने गरेको कुमाल समुदायको भनाइ छ । बजारको आवश्यकता बदलिँदै जाँदा कुमालको पेसाले पनि आफूलाई समय अनुकूल ढाल्ने प्रयास गरिरहेको छ । परम्परागत गाग्री र हाँडीको स्थान अहिले प्लेट, कप र सजावटी सामग्रीले लिन थालेका छन् । तर यो पुस्तौँ पुरानो सीपलाई दीर्घकालसम्म जोगाइराख्न नयाँ पुस्ताको सहभागिता, कच्चापदार्थको सहज उपलब्धता र उत्पादनको उचित मूल्य सुनिश्चित गर्नु आवश्यक देखिन्छ ।

# भारी वर्षाको सम्भावना



**पाल्पा,** असार २८/ आइतबार राती र सोमबार देशका विभिन्न भूभागमा भारीदेखि अति भारीसम्मको वर्षा हुने सम्भावना रहेको भन्दै सचेत रहन जल तथा मौसम विज्ञान विभागले आग्रह गरेको छ । विभागले आइतबार साँझ मौसमसम्बन्धी अपडेट जारी गर्दै मनसुन सक्रिय भई भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको भन्दै सचेत रहन सबैसँग आग्रह गरेको हो ।

विभागका अनुसार आइतबार राति र सोमबार कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भूभागका थोरै स्थानमा तथा मधेश प्रदेश लगायत कोशी, बागमती र गण्डकी प्रदेशको तराई भूभागको एक दुई स्थानमा भारी देखि धेरै भारीसम्म वर्षाको सम्भावना रहेको छ । यसैगरी कोशी र बागमती प्रदेशका पहाडी भूभागको एक दुई स्थानमा अति भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । ती क्षेत्रमा हुन सक्ने गेग्रान बहाव, बाढी, पहिरो तथा भूक्षय जस्ता प्रकोपको जोखिम वा क्षतिबाट बच्न तथा यसबाट ती क्षेत्रहरूमा दैनिक जनजीवन लगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा असर पर्ने सम्भावना रहेकोले आवश्यक सावधानी अपनाउन विभागले अनुरोध गरेको छ ।

# आज भानु जयन्ती विभिन्न कार्यक्रम गरी मनाइँदै

**पाल्पा,** असार २८/नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको २१३ औँ जन्मजयन्ती आज देश तथा विदेशका विभिन्न स्थानमा विविध कार्यक्रमको आयोजना गरी मनाइँदै छ । भानुभक्तको योगदानको स्मरण गर्दै हरेक वर्ष असार २९ गते भानु जयन्ती मनाउने गरिएको हो ।




यस अवसरमा साहित्यिक संस्था, विद्यालय, क्याम्पस तथा विभिन्न सामाजिक संघ-संस्थाले कविता वाचन, साहित्यिक गोष्ठी, विचार-विमर्श, सांस्कृतिक कार्यक्रम तथा भानुभक्तको प्रतिमामा माल्यार्पणलगायत कार्यक्रम आयोजना गरेका छन् । संस्कृत भाषामा रहेको रामायणलाई सरल नेपाली भाषामा अनुवाद गरी आम नेपालीमाझ पुऱ्याएको योगदानका कारण भानुभक्तलाई नेपाली साहित्यका आदिकवि मानिन्छ । उनका घाँसी, बधुशिक्षा, प्रश्नोत्तर, भक्तमाला लगायतका कृतिहरू नेपाली साहित्यका अमूल्य सम्पत्ति मानिन्छन् । भानु जयन्तीका अवसरमा विभिन्न व्यक्तित्वहरूले आदिकवि भानुभक्तको योगदानको स्मरण गर्दै नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा सबैको सक्रिय भूमिका आवश्यक रहेको बताउने गरेका छन् । खासगरी भानु जयन्तीमा देखिने तामझामले भानुभक्तलाई व्युँत्याएको भान हुन्छ, । विशेषत: काठमाडौं जस्ता ठूला शहरहरुमा भानु जयन्तीका दिन बालबालिकाहरुलाई भानुभक्तको 'गेटअप'मा उतार्ने गरिन्छ । भानुभक्तलाई सम्झनका लागि देश तथा विदेशमा समेत यस्तै काइदा अपनाइने गरिन्छ । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भानुभक्तको स्मरण

**आदिकविका रुपमा परिचित भानुभक्त आचार्यको २१३ औं जन्मजयन्ती आज देश–विदेशमा विभिन्न कार्यक्रम गरी मनाईंदै छ । भानुभक्तको स्मरणमा हरेक वर्ष असार २९ मा भानुजयन्ती हर्षउल्लासका साथ मनाइन्छ । संस्कृत भाषामा सीमित रहेको रामायणलाई सरल नेपाली भाषामा अनुवाद गरी आम जनतासम्म पुऱ्याउने भानुभक्तको योगदान नेपाली साहित्यको इतिहासमा अतुलनीय छ । उनले नेपाली भाषालाई जनभाषाका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । आजको डिजिटल युगमा नेपाली भाषामाथि विदेशी भाषाको प्रभाव बढ्दै गएको छ । युवापुस्तामा नेपाली भाषाप्रतिको आकर्षण घट्दै गएको चिन्ता पनि व्यक्त हुने गरेको छ । यस्तो अवस्थामा भानु जयन्ती केवल औपचारिक कार्यक्रम गरेर मनाउने दिन मात्र होइन, नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने संकल्प गर्ने अवसर पनि हो । विद्यालय, महाविद्यालय, साहित्यिक संस्था र सञ्चारमाध्यमले भानुभक्तका कृति, विचार र योगदानलाई नयाँ पुस्तासम्म प्रभावकारी रुपमा पुऱ्याउन विशेष पहल गर्न आवश्यक छ । नेपाली भाषामा गुणस्तरीय साहित्य सिर्जना, अध्ययन र अनुसन्धानलाई प्रोत्साहन गर्नु समयको आवश्यकता हो । यसका साथै आधुनिक प्रविधिमा नेपाली भाषाको प्रयोग बढाएर यसको विकासलाई थप गति दिन सकिन्छ ।**

**हरेक वर्ष जन्मजयन्तीमा भानुभक्तको शालिकमा माल्यार्पण गर्दैमा भानु जयन्तीको महत्व बढ्न सक्दैन । संस्कृतको रामायणलाई नेपाली भाषामा अनुवाद गरेर सम्पूर्ण नेपालीहरुलाई एकतावद्ध बनाउँदै भाषिक एकीकरणको सन्दर्भमा भानुभक्तले जुनरुपमा उल्लेखनीय भूमिका खेल्न पुगे, त्यसको महत्वलाई कम आँक्न सकिँदैन । नेपाली भाषाको समृद्धिको सवालमा त्यतिखेर निकै निरीह रहेको नेपाललाई भाषिक मूलधारमा बाँध्न उनको लेखन र त्यसको प्रचार–प्रसारले त्यस समयमा ठूलो हलचल नै ल्याएको थियो, जुन पछि आउने समयका लागि अत्यन्तै प्रभावशाली माध्यम पनि बन्न पुग्यो । तर अहिले भानुभक्तको योगदानलाई सबैले विर्सिएका छन् । यो अत्यन्त दुखद् कुरा हो । हरेक भानु जयन्तीका दिन सरकारले लेखक/साहित्यकारहरुप्रति विशेष ध्यान दिइने भने पनि त्यो व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । भानुभक्त आचार्यले देखाएको भाषिक चेतना, सरल अभिव्यक्ति र समाजप्रतिको उत्तरदायित्व आज पनि उत्तिकै सान्दर्भिक छन् । त्यसैले भानु जयन्तीलाई केवल स्मरण दिवसका रूपमा सीमित नराखी नेपाली भाषा र साहित्यको समृद्धिका लागि सामूहिक प्रतिवद्धता व्यक्त गर्ने अवसरका रूपमा मनाउनुपर्छ । यही नै आदिकवि भानुभक्तप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।**

### Opinion @ Social Network

खाली-खाली लाग्छ हरेक दिन,
थाहा छैन के नपुगेको हो यो मनलाई
*(शान्ता अधिकारीको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.adhikari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# काँग्रेसमा पुनर्मिलनका केही प्रस्तावित सूत्रहरू



**प्रा. पुरुषोत्तम दाहाल**

मानिसको स्वभाव विचित्र छ । सबैलाई थाहा छ रक्सी खाएमा कलेजो क्यान्सरको जोखिम हुन्छ । नेपालमा त विज्ञापन गर्नसमेत रोक लगाइएको छ तर मानिसले सबैभन्दा बढी पिउने पेयपदार्थ नै घरेलुदेखि, राष्ट्रिय-अन्तर्राष्ट्रिय ब्राण्डको रक्सी नै हो । मानिसलाई चुरोट, खैनी, गुट्काले भयानक शारीरिक घात हुन्छ भन्ने जानकारी छ तर उसको तलतल यथावत् छ र व्यापार चलिरहेको छ । कोकिन, हिरोइन, गाँजाका त कुरै नगरौं । बरू गाँजा औषधि मानिन्छ । गाँजा चाहिँ पूर्ण निषिद्ध छ । लुकेर खानेहरू त शासनमा हुन् कि सडकमा सर्को लगाइरहेकै हुन्छन् । जातीय विभेद र छुवाछूत अमानवीय हो, बालबालिकाको शोषण, अधिकारको हनन् अपराध हो, महिला हिंसाको दुष्कृति पूर्ण अपराध हो अनेक सत्ज्ञान र सत्विचारहरू प्रशस्त छरिएका छन् तर समाजले त्यसप्रति ओठले स्वीकार गरे पनि मनपेटले भने स्वीकार गरेको देखिँदैन ।

सन्दर्भ आठ दशकदेखि निरन्तर संघर्षको पर्याय भएको वृद्धवृक्षधारी नेपाली कांग्रेसको हो । अहिले कांग्रेस निर्माण गर्नेहरू र कांग्रेस पढ्नेहरूका बीच चर्को द्वन्द्व चलिरहेको छ । कांग्रेस नदेखेका, नभोगेका, घामपानी नसहेकाहरू एकापट्टि र अर्कोपट्टि निरन्तर कांग्रेसका नाममा बाजेबराजुदेखि नै घामपानी सहेर आउनेहरूको रामरमिता छ । को सही को गलत तमासेहरूको आपसी प्रतिस्पर्धा छ । खेलाडी मैदानमा छन् तर झगडा गर्ने, मर्न-मार्न तम्सिनेहरू भने दर्शक दीर्घाको आश्रयमा छन् । यो पंक्तिकार खेल खेल्न जाँन्दैन । रेफ्री पनि बन्न सक्दैन । दर्शक हुने ल्याकत पनि छैन । त्यसैले दर्शक दीर्घाभन्दा निकै पर कुनामा बसेको हुनाले दुबैतिरका खेलाडीहरूको खेल नियाल्न पाइरहेको छ । कुनै व्यक्तिकाप्रति होइन विषयवस्तुप्रति केन्द्रित भएको हुनाले आफूलाई दुबै पक्षको पीडा वा आनन्दमा सहभागी हुनुपरेको छैन । यो बहुदलीय पद्धति हो मन लागे मिलेर बस्ने मन नलागे, कुरा नमिले पृथक हुने पद्धतिकै लागि लामो संघर्षको कथा बनेको हो । यसमा जय पराजयको अर्थ हुँदैन ।

**(१) किशुनजी : जय पराजयको प्रश्नमा :**
२०४८ को संसदीय निर्वाचनमा पदासीन प्रधानमन्त्रीको पराजय भयो । हामी धेरैले धेरै पटक देख्यौं पराजयको सम्भावना देखायौं पनि तर समर्थनको मतान्धतामा रहेका र अन्तर्घातको तानाबाना बुनिरहनेहरूमा यो दृश्य सचेतताको कुनै अर्थ भएन । त्यो समय संघर्षका नायक, हिंसाप्रति असहमत, अहिंसा र शान्तिको रुद्राक्षको माला जप्ने, सादगी कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री थिए । उनकै नेतृत्वमा भारतसँगको सम्बन्ध सामान्यीकरण, देशमा शान्तिसुव्यवस्था, संविधान जारी र निर्वाचन भए तर भट्टराई हारे । अथवा हराइए । म त्यो समय रेडियो नेपालको कार्यक्रम घटना र विचार सञ्चालन गर्थें । परिणामको अर्को दिन म र रेडियोकर्मी अग्रज कृष्ण केसी बालुवाटार पुग्यौं । कृष्णसँग ठूलो रेडियो रेकर्डर पनि थियो । हामी पुग्दा किशुनजी तल बैठक कोठामा नै भूईंमा घुँडा मारेर धोती फेरेर बसेका रहेछन्, भेट भयो । उनले प्रसन्नतापूर्वक हामीलाई बस्न आग्रह गरे । हामीलाई लागिरहेको थियो : किशुनजीको मन खिन्न होला । हामी भने दुई दिनदेखि निदाउन सकेका थिएनौं । त्यही कुरा भन्यौं तर मुसुक्क हाँस्दै मानौं केही पनि नभएजस्तो गरी किशुनजीले भने : मलाई पनि एक क्षण, खाली एक क्षण चिसो अनुभव भयो तर त्यो एक पल पनि रहेन । मलाई लाग्यो भगवानको इच्छा हो । मैले अझै पनि जनताका लागि सेवा गर्न पुगेको रहेनछ ।किशुनजीले उत्साहित हुँदै र सम्बोधित हुँदै भने : हेर्नुहोस् बाबुहरू, मलाई कत्ति पनि पराजयको चिन्ता छैन किनभने मैले हारेकै छैन । मेरो विगत तीस वर्षदेखिको संघर्षको लक्ष्य थियो : देशमा जित र हार हुने, प्रतिस्पर्धा हुने राजनीतिक व्यवस्था हुनुपर्छ । अहिले चुनाव हुने, प्रतिस्पर्धा गर्ने, संगठन गर्ने, बोल्ने व्यवस्था आएको छ । यो मेरो संघर्षको विजय हो । मजस्ता हजारौं साथीहरूको त्याग र बलिदानको विजय हो । चुनावमा हारजित हुने व्यवस्था ल्याउनु नै मेरो विजय हो । म हारेको छैन मेरो लक्ष्य विजयी भएको छ । किशुनजीका यी वाक्यहरू मेरा कानमा अहिले पनि गुञ्जिरहे जस्तो लाग्छ । सबै मानिस किशुनजी जस्ता हुँदैनन् तर पनि वर्तमान राजनीतिक व्यवस्था भनेको हेपिएर, चेपिएर, पीडा खपेर, कुनै नेताको पिल्साइमा परेर वा उसको महत्वाकांक्षाको दवाबमा बसिरहनुपर्छ भन्ने सिद्धान्तविपरीत छ । असहमतहरू अलग हुनसक्छन्, सहमतहरू एक ठाउँ हुन्छन् । जय पराजयको अर्थ होइन मर्यादाको प्रश्न हो । जहाँ मर्यादालाई भिक्षाजस्तो गरी माग्नुपर्छ, अनुनय गरिरहनुपर्छ, त्यस ठाउँमा बस्नु उचित हुँदैन । यसकारण नेपाली कांग्रेसमा मर्यादाको प्रश्न हो भने यसको उत्तर बाक्लो दालमा नै पुगेर टुंगिनसक्छ । होइन सबैको मर्यादा सुरक्षित गर्न जिम्मेदारहरू कृतसंकल्पित छन् र अग्रसर हुन्छन् भने कांग्रेसबीचको उत्पन्न मतभेदको समाधान हुन्छ र हुनुपर्छ भन्ने मलाई पनि लाग्छ ।

**(२) विपरीतहरूबीच एकता केही उदाहरण :**
बीपी कोइरालाले २०३३ अघिको सशस्त्र आन्दोलन परित्याग गरी नेपाल फर्कंदा मेलमिलाप र एकताको सिद्धान्त, नीति, रणनीति जे भने पनि प्रतिपादन गरेका थिए । आफैंलाई मार्न तयार राजासँग आफ्नो घाँटी जोडिएको विचार प्रकट गरेका थिए । २०६३ अघिको दश वर्षका घटनामा नेपाली कांग्रेस र माओवादीका बीचमा वार कि पारको, जीवन मरणको, हत्या प्रतिहत्याको खेल चलेको थियो तर दुबैथरी बसेर समाधान खोजे भने यो त एउटा पार्टीभित्रका ५४ र ४६ को मात्र समस्या हो । यो अंक पनि संयोग भनौं कि के भनौं २०३७ सालमा सम्पन्न जनमत संग्रहमा बहुदल पक्षको ४६ र निर्दलीय पञ्चायत पक्षको ५४ प्रतिशत जस्तो भएछ ।असहमत पक्षका कृष्ण सिटौला भन्दै थिए : बीपी, गणेशमान सिंह र महेन्द्र नारायणको लिगेसी जहाँ छ त्यही हुन्छ कांग्रेस । यो निश्चय पनि भावनात्मक कुरा हो । अनि केही पहिले सभापति गगन थापा स्वीकार गर्दै थिए : विशेष महाधिवेशनमा सहभागी नभएका तर १४औं महाधिवेशनमा निर्वाचित नेताहरूको ठूलो पंक्ति बाहिर छ । म उनीहरूलाई सम्मानका साथ कसलाई वरिष्ठ वा अरू सम्मानजनक स्थान दिएर समावेश गर्न तयार छु । मेरो प्रस्ताव हो यो । प्रेमबहादुर खड्काको नेतृत्वमा बनेको निर्वाचन समितिमा अरू को को राख्दा फेयर भयो भन्ने लाग्छ बसौं । म तयार छु । यो ठोस स्वीकारोक्ति हो तर अध्यावधिक नगर्नेहरू कोही पनि कांग्रेस हुँदैनन् भन्ने सभापतिकै भनाइले यस भनाइलाई खण्डित गर्छ । बीपी कोइरालाको लिगेसीभित्रको एक डा.शेखर कोइरालाले असार २५ गतेसम्मको समयसीमा तोकेका छन् । उनका पाँच सूत्रहरू छन् पूरा हुनुपर्ने । राति १२ बजेसम्मको डेटलाइन हुनाले त्यसबारे यो आलेखमा केही टिप्पणी गरिएन । मैले हिजो प्रकाशित लेखमा भनेको छु र पुन: भन्छु जेजस्ता सत् वा सूत्र भए पनि पार्टी एकता सभापति गगन थापाले चाहेमात्रै हुन्छ । उनले नचाहेसम्म हुँदैन । यदि उनी आफैं निर्णायक हुन्छन् भने म ठोकुवा गर्दै भन्नसक्छु : कांग्रेसमा देखिएको समस्याको सहज अवतरण हुने छ ।

**(३) सहज अवतरणका लागि केही प्रस्ताव :**
म यहाँ मलाई लागेका सम्भाव्य प्रस्तावमात्रै प्रस्तुत गर्दैछु । सहमत हुने वा नहुने त्यो पार्टीका नेताहरूमा निर्भर गर्दछ । यी केही प्रतिनिधिमूलक प्रस्तावमात्र हुन् ।

**(क) मलाई लागेको अवतरणको पहिलो आधार हो :** विदेशमा गुमनाम बसेका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको स्वदेश आगमन । उनकै कारण अहिले धेरै समस्या देखिएका छन् र सिंगो कांग्रेसपंक्ति र विशेष गरेर उनका विगतका सबै सहयोगी सहकर्मीहरू अन्योलमा देखिन्छन् । देश फर्केर यदि कानुनको सामना गर्नुपर्ने भए र समाधान खोज्नुपर्ने भए तयार हुनु बुद्धिमानी हुनेछ । राज्यका अनेक जिम्मेदारहरू संसारका कतिपय विकसित वा अविकसित देश जहाँका भए पनि अनेक प्रकरणमा मुछिएर कानुनी कारबाहीको, अनुसन्धानको सामना गरेका छन् भने देउवा, उनीकी पत्नी र परिवार भाग्नु वा लुक्नुको कुनै अर्थ छैन । उनलाई कारबाही नै हुन्छ भन्ने पनि छैन ।

**(ख) त्यसपछि दोस्रो आधार हुनसक्छ** : देउवासहित अरू नेताहरूसँग वर्तमान कार्य समितिका सभापतिसहितका नेताहरूको सम्वाद । वादेवादे जायते तत्वबोध भन्छन् । सम्वादहीनताको अर्थ र परिणाम हो : समस्याको विकास ।

**(ग) १४औं महाधिवेशनको कार्य समितिले विशेष महाधिवेशनलाई समर्थन गर्ने र अदालतको निर्णयको सम्मान गर्ने ।** जसबाट विशेष महाधिवेशन पक्ष र १४औं महाधिवेशन पक्ष भन्ने लक्ष्मण रेखाको अन्त्य हुन्छ र सबैका साझा सहमति र सहमतिको नयाँ मार्ग खुला हुन्छ ।

**(घ) १४औं महाधिवेशनबाट कार्य समितिमा रहेका १८८ जनामध्ये विशेष महाधिवेशनपछि गठित समितिमा ७७ जना रहेका छन् । बाँकी १११ जनालाई सम्पूर्ण रूपमा कार्य समितिमा समावेश गर्ने ।** यो अल्पकालीन भएको हुनाले कुनै समस्या हुनेछैन । राजनीतिक समझदारीका सन्दर्भमा कानुन र विधान गौण हुनेगरेको विगत छ । ०६३ साल माघ १ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले निर्वाचनबेगर सहमतिका आधारमा तत्कालीन माओवादीका ८३ जनालाई संसद्मा एकैपटक मनोनयन गरेका थिए । त्योमात्रै होइन संविधानको कुनै आधारबेगर ०६३ वैशाख ११ गते संसद्को पुनर्स्थापना भएको थियो । विधानको धर्सोलाई असहमतिको विराट आधार विवादका समयमा बनाइरहनु पर्दैन । यस्तोमा विवेकसम्मत र आवश्यकताका आधारमा निर्धारण हुन्छ ।जस्तो पछिल्लो उदाहरण २०८२ भदौ २४ पछि सुशीला कार्कीको प्रधानमन्त्रित्वदेखि ०७९ मा गठित संसद्को विघटन हुँदै फागुन २१ को निर्वाचन कुन विधान टेकेर भएका थिए र नेपाली कांग्रेसका सभापतिसहित विधिका पक्षमा विशेष महाधिवेश नगर्नेहरूले कसरी त्यो विधानविपरीतको राजनीतिक प्रक्रियामा सहभागी भए ? आवश्यकताको सिद्धान्त यही नै होला । कांग्रेसका हकमा पनि यो लागू हुनुपर्ने हो । १११ जनालाई समावेश गर्दा यदि सभापति पक्षको बहुमत पुग्दैन भने बहुमत पुऱ्याउने गरी आफ्नो पक्षमा संख्या थप गर्दा गलत हुँदैन होला ।

**(ङ) १५औं महाधिवेशन तयारी समिति, निर्वाचन समिति, अनुशासन समिति, सदस्यता निकक्यौंल समिति, जस्ता सीमितिहरू हुन् अन्य विभाग र प्रतिष्ठानहरू हुन् बहुमत संख्या सभापतिको राखेर अरू मिलान गर्ने ।** जसबाट पार्टीमा विभाजनका रेखाहरू मेटिँदै जाने र घुलमिल हुँदै जानेछन् ।

**(च) अध्यावधिक गरिएका र विगतमा १५औं महाधिवेशनका लागि तय गरिएका सदस्यहरूलाई सहमतिमा समान अवसर दिने, अथवा असहमत पक्षले महाधिवेशनमा सहभागी हुने अवस्था भएपछि अध्यावधिक गरेर अहिलेको विशेष महाधिवेशन पक्षको आग्रह र निर्णयलाई समेत सम्मान गर्ने ।** यसो भएमा तँ कुटेझैं गर म रोएजस्तो गर्छु अर्थात् साप पनि मर्ने लाठी पनि नभाँचिने हुनसक्छ ।

**(छ) नेपाली कांग्रेसले कतिपय परिवर्तनका आधारहरूलाई पुनरावलोक गर्नुपर्ने हुनसक्छ । त्यो समय पनि आएको हुँदा २०६३ यता उसले वरण गरेका कतिपय रणनीति र पहिचानधारलाई पनि मूल्यांकन गर्ने समय आएको हो कि ?** (४) **नभएमा नियतिसँगै रामराम** : यसरी यदि कांग्रेसमा दुवै पक्षको समझदारीबाट १५औं महाधिवेशन भएमा त्यसमा हुने निर्वाचनमा को जित्छ को हार्छ प्रतिनिधिहरूकै विवेकको विषय हुनेछ र कांग्रेसमा सहज वातावरण बन्नसक्नेछ । बीपी कोइराला भन्ने गर्नुहुन्थ्यो : यदि यो देशको नियतिमा विघटन नै लेखेको छ भने मेरो प्रयास निरर्थक पनि हुनसक्छ । जे हुनुपर्ने हो त्यही हुनेछ । आज बीपीको त्यो नियति नेपाली कांग्रेसको जीवनमा पनि दोहोरिन सक्छ । हामीले त भन्ने हो नियतिले जे भन्छ त्यही हुने हो । नियतिविपरीत छैन र सभापति आफू निर्णायक छन् भने कांग्रेसमा मिलनबिन्दु भेटिनेछ, होइन भने रामराम मात्रै भन्ने हो ।

***– इहिमालय टाइम्स***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : घरमा रमाइलो वातावरण रहनेछ । खानपिनमा ध्यान दिनु राम्रो हुनेछ । | **तुला**: कसैसँगको भेटले रमाइलो बनाउनेछ । मन प्रसन्न रहनेछ । |
| **वृष** : केही काम एकैपटक आउन सक्छन् । बोल्दा नरम भाषा प्रयोग गर्नुहोला । | **वृश्चिक** : अनुभवले आज राम्रो काम गर्नेछ ।रिसलाई नियन्त्रणमा राख्दा राम्रो हुन्छ । |
| **मिथुन** : बोलीले बिग्रिएको कुरा बन्न सक्छ । खुसी दिने काममा समय दिनुहोस् । | **धनु** : नयाँ दृश्य देख्दा मन ताजा हुनेछ । केही समय टाढा रहने मौका मिल्नेछ। |
| **कर्कट** :हतारमा निर्णय नगर्नुहोस् । नजिकको व्यक्तिसँग कुराकानी गर्नु राम्रो हुनेछ। | **मकर** : एकपछि अर्कोजिम्मेवारी पूरा हुँदै जानेछ । अधुरो रहेको कामको विषय टुङ्गोलाग्नेछ । |
| **सिंह** : तपाईंको व्यवहारले अरूको मन जित्नेछ । बोलीमा स्थिर रहनु राम्रो हुनेछ । | **कुम्भ** : खुलेर कुरा गर्ने अवसर मिल्नेछ । लामो समयदेखि नमिलेको विषय बन्ने छ । |
| **कन्या** :बाँकी रहेका काममा ध्यान जानेछ । थोरै मेहनतले पनि धेरै परिवर्तन देखिनेछ । | **मीन** :बिहानदेखि काममा व्यस्तता रहनेछ । सुरु गरेको काम बीचमै नछोड्नु राम्रो हुनेछ । |

# शिक्षा

## बजेट र शिक्षा नियमावलीप्रति निजी शैक्षिक संस्थाको आपत्ति



**काठमाडौं ,** निजी शैक्षिक संस्थाहरूले तीन प्रतिशत समता शिक्षा सेवा शुल्क कर खारेज गर्न माग गरेका छन् । आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी विद्यार्थीबाट असुल गरिने सम्पूर्ण शैक्षिक शुल्कमा तीन प्रतिशत समता शिक्षा सेवा शुल्क लगाउने व्यवस्था व्यवहारिक न्यायोचित तथा दीर्घकालीन रूपमा उपयुक्त नभएको भन्दै समता शिक्षा सेवा शुल्क कर खारेज गर्न माग गरेका हुन् ।

प्याब्सन, ऐन प्यब्सन, हिसान र अपेनले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै सरकार समक्ष ६ बुँदे गम्भीर ध्यानाकर्षण गराएका छन् । विगत चार दशकभन्दा बढी समयदेखि मुलुकको विद्यालय शिक्षा विकास र विस्तारमा निजी क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्दै आएको सन्दर्भ जोड्दै आर्थिक वर्ष २०८३-०८४ को बजेट तथा वित्तीय व्यवस्था र हालै जारी शिक्षा नियमावली (दसौं संशोधन) का केही व्यवस्थाहरू प्रति निजी शिक्षा क्षेत्रले असहमति र आपत्ति प्रकट गरेका छन् । तथ्याङ्क अनुसार देशभर सञ्चालित १०,४७१ निजी विद्यालयहरूमा करिब ३७ लाख ४१ हजार विद्यार्थी अध्ययनरत छन् । यस क्षेत्रले देशको अर्थतन्त्र, रोजगारी सिर्जना तथा शैक्षिक पूर्वाधारमा उल्लेखनीय योगदान पुऱ्याइरहेको कुरा विज्ञप्तिमा उल्लेख छ । उच्च शिक्षामा सबै वर्गका विद्यार्थीको पहुँच सुनिश्चित गर्न विनाधितो सहुलियतपूर्ण ब्याजदरमा कम्तीमा १० लाख रुपैयाँसम्मको शैक्षिक ऋण उपलब्ध गराइनुपर्ने र "पढ्दै कमाउँदै" कार्यक्रमलाई निजी क्षेत्रसँगको साझेदारीमा प्रभावकारी रूपमा विस्तार गरिनुपर्ने माग गरेका छन् । सार्वजनिक बिदा र शैक्षिक क्यालेन्डर निर्धारण गर्दा सरोकारवालाहरूसँग पर्याप्त परामर्श गरिनुपर्ने र नीतिगत स्थायित्वका लागि शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा ६ महिना अगावै निर्णय गरिनुपर्ने विषयमा जोड दिएका छन् । निजी शिक्षा क्षेत्र सरकारको प्रतिस्पर्धी नभई शिक्षा विकासको सहयात्री र रणनीतिक साझेदार भएको स्पष्ट पार्दै संगठनहरूले नीतिगत निर्णय प्रक्रियामा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूको संस्थागत सहभागिता सुनिश्चित गर्न माग गरेका छन् । शिक्षा नियमावलीको दसौं संशोधनमा समेटिएका कतिपय बुँदाहरूले विद्यालय व्यवस्थापन, अनुशासन र उत्तरदायित्वमा जटिलता सिर्जना गर्ने देखिएकाले विद्यार्थीको अधिकार र विद्यालयको संस्थागत उत्तरदायित्वबिच सन्तुलन कायम हुने गरी ती व्यवस्थाहरूको पुनरावलोकन गर्न आग्रह गरिएको छ ।-*रातोपाटी डटकम*

## विदेशी शैक्षिक कार्यक्रम नियमनमा कडाइ




**काठमाडौं,** शिक्षा तथा खेलकुद मन्त्रालयले ए(लेभल, सिबिएसइ, आइबिडिपीलगायतका विदेशी शैक्षिक कार्यक्रमहरू मन्त्रालयको अनुमतिबिना सञ्चालन गर्ने शैक्षिक संस्थाहरूमाथि कडा कारबाही गर्ने चेतावनी दिएको छ।विदेशी सम्बन्धनका नाममा सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमहरूको गुणस्तर सुधार तथा नियमनलाई थप प्रभावकारी बनाउन गत बुधबारको मन्त्रिपरिषद् बैठकले 'विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३' स्वीकृत गरेसँगै मन्त्रालयले कानुनी व्यवस्था कार्यान्वयनमा कडाइ गरेको हो।

मन्त्रालयका उपसचिव कृष्णचन्द्र पोखरेलका अनुसार केही शैक्षिक संस्थाहरूले आवश्यक अनुमति नै नलिई यस्ता विदेशी कार्यक्रमहरू सञ्चालन गरिरहेका पाइएकाले उनीहरूलाई कानुनी व्यवस्थाबारे पुन: सचेत गराइएको हो।

यसैबीच, मन्त्रालयले अनुमति नलिई विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका त्यस्ता संस्थाहरूबारे जानकारी भएमा तीन दिनभित्र लिखित रूपमा मन्त्रालयमा सूचना उपलब्ध गराउन सरोकारवाला सबैसँग आग्रह समेत गरेको छ। मुलुकको उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने मूल उद्देश्यका साथ लागू गरिएको यस नयाँ नियमावलीअन्तर्गत अबदेखि विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्धन लिएर सञ्चालन भइरहेका सबै शैक्षिक कार्यक्रमहरूका लागि नयाँ मापदण्ड लागू हुने मन्त्रालयले जनाएको छ।

*- डिसी नेपाल*

## प्राध्यापकहरूले पढाइ र जागिरमध्ये एक रोज्नुपर्ने हो त ?

**प्रज्ञा पनेरु**

अध्ययन बिदा सम्बन्धी विषयले नेपालको उच्च शिक्षा प्रणाली एउटा गम्भीर र असहज प्रश्नको सामनागरिरहेको छ।

अध्ययन बिदामा गएका सयौं प्राध्यापकहरूलाई एकै डालोमा राखेर 'अध्ययन बिदा दुरूपयोग', 'अर्बौं क्षति', 'नफर्किएका प्राध्यापक' भन्ने जस्ता खबरले त्यस्तो बिदामा रहेका र जान विचार गरिरहेका हरूलाई सोचमग्न पक्कै बनाएको छ। र, धेरै मात्रामा निरूत्साहित पनि गरेको होला। आम नागरिकले पनि स्वाभाविक रूपमा प्रश्न उठाए- राज्यको पैसा लिएर विदेश जाने अनि नफर्किनेहरूलाई किन कारबाही नगर्ने ? यो प्रश्न गलत होइन। सार्वजनिक स्रोतको दुरूपयोग कुनै हालतमा स्वीकार्य हुन सक्दैन। तर वास्तविक समस्या के हो भने- हालको नीति र यसको कार्यान्वयनले दुरूपयोग भनेको के हो भन्ने धारणा स्पष्ट गरेको छैन। के बिदा लिएर अध्ययन नै नगर्ने, अध्ययन पूरा गरेर सम्पर्कविहीन हुने, बाध्यात्मक परिस्थितिका कारण अध्ययन जारी नै रहेका तर थप बिदा नपाएका, विश्वविद्यालयलाई निरन्तरता दिनुभन्दा रकम तिरेका आदि सबै अध्ययन बिदा दुरूपयोग नै हुन् त ?

**यो सोच्ने बेला आएको छ।**

अध्ययन बिदाको दुरूपयोग बुझ्न सर्वप्रथम अध्ययन बिदा के हो, त्यो बुझ्न जरूरी छ। सामान्यतया विश्वविद्यालयले दिने अध्ययन बिदा भनेको प्राध्यापकहरूलाई उच्च शिक्षा अध्ययन गर्न ३ देखि ५ वर्ष दिने गरेको तलबी बिदा हो। उक्त समय प्राध्यापकहरू अनुसन्धानात्मक उच्च शिक्षाको निम्ति देशमै वा वैदेशिक छात्रवृत्ति पाए विदेशमा अध्ययन गर्न जाने गर्छन्। र, सो अवधिभर प्राध्यापकहरूले अध्ययन सम्पन्न गरेर विश्वविद्यालयमा सेवा पुन: सञ्चालन गर्नुपर्ने, वा बिदामा लिएको तलब-सुविधा फिर्ता गर्नुपर्ने अहिलेको नियम छ। अध्ययन पूर्ण नभइसक्दा देशमै अध्ययन गरिरहेका प्राध्यापकहरूलाई चाहिँ सेवामा फर्किन सहज छ, तर देशबाहिर भएकाहरूको हकमा यो जागिर र अध्ययनमध्ये एकको छनोट हुन सक्छ।

देशबाहिर प्राध्यापकहरूको पनि पैसा तिरेर विदेशी विश्वविद्यालयमा पढ्ने हैसियत हुँदैन। विदेशी विश्वविद्यालयबाट जीवननिर्वाह खर्चसहित पूर्ण छात्रवृत्ति पाएका प्राध्यापकहरूको हकमा मात्र अध्ययन बिदा स्वीकृत हुन्छ।अध्ययन बिदा स्वीकृत गर्दा प्राध्यापकहरूले स्रोत कहाँबाट जुटाउने, कुन विश्वविद्यालयमा अध्ययन गर्ने, कुन शीर्षकमा अनुसन्धान गर्ने आदि सबैको प्रमाण विश्वविद्यालयमा प्रस्तुत गर्नुपर्छ। त्यसमाथि प्रत्येक वर्ष आृनो प्रगति विवरण बुझाएर मात्र बिदा थप गरिन्छ। यो सबै प्रक्रिया पूरा गरेका प्राध्यापकले पनि के बिदा दुरुपयोग नै गरेका हुन् त भन्ने अर्को बहसको विषय हुन सक्छ। त्रिविको अनुसन्धान उत्पादन बढेको वास्तविकतापछिल्ला केही वर्षमा अन्तर्राष्ट्रिय सूचकहरूमा त्रिभुवन विश्वविद्यालयको उपस्थिति विस्तार भएको छ। अनुसन्धानप्रकाशनको संख्या बढेको छ। अन्तर्राष्ट्रिय सहकार्य विस्तार भएको छ। धेरै नेपाली प्राध्यापकहरूले विश्वका प्रतिष्ठित विश्वविद्यालयमा अनुसन्धान गरेका छन्।तर एउटा गम्भीर प्रश्न सोध्नुपर्छ- ती अनुसन्धान उपलब्धिहरूमा अध्ययन बिदामा विदेश गएका प्राध्यापकहरूको योगदान छ कि छैन? प्राध्यापकहरूले अध्ययनको क्रममा अन्तर्राष्ट्रिय स्तरका प्रयोगशालामा अनुसन्धान गरेका हुन्छन्, विभिन्न क्षेत्रमा प्रत्यक्ष तथ्यांक तथा नमुना संकलनमा आधारित अध्ययन सञ्चालन गरेका हुन्छन् र विश्वस्तरीय वैज्ञानिक तथा प्राज्ञिक पत्रिकाहरूमा अनुसन्धानमूलक लेख प्रकाशित गरेका हुन्छन्।ती प्रकाशनहरूमा 'त्रिभुवन विश्वविद्यालय, नेपाल' लाई आफ्नो संस्थागत आबद्धताका रूपमा उल्लेख गरेर उनीहरूले विश्वविद्यालयको शैक्षिक प्रतिष्ठा, अनुसन्धान प्रभाव, उद्धरण संख्या तथा अन्तर्राष्ट्रिय पहिचान अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएका हुन्छन्। यो सबै कार्यको लेखाजोखा विश्वविद्यालयले गर्ने कि नगर्ने?सबैभन्दा ठूलो विरोधाभास यहीँ देखिन्छ। अनुसन्धान सफल हुँदा त्यसको श्रेय संस्थाले लिन्छ : प्रकाशित लेख, बढ्दो प्रतिष्ठा र अन्तर्राष्ट्रिय पहिचानलाई आृनो उपलब्धिका रूपमा प्रस्तुत गर्छ।तर अनुसन्धान प्रक्रियामा आउने अनपेक्षित अवरोध, विश्वव्यापी संकट वा संस्थागत जटिलताका कारण समयमै अध्ययन सम्पन्न हुन नसकेमा त्यही अनुसन्धानकर्ता प्रश्नको घेरामा पर्छ।

**अनुसन्धान र उत्पादनमा फरक**

नेपालमा नीति निर्माण गर्ने धेरै निकायहरूले अनुसन्धानलाई अझै पनि सामान्य प्रशासनिक तालिम वा निश्चित समयसीमाभित्र सम्पन्न हुने कार्यक्रमका रूपमा बुझ्ने गरेको आभास हुन्छ। तर विद्यावारिधि (पिएचडी) वा उच्चस्तरीय अनुसन्धान कुनै पूर्वनिर्धारित कार्यतालिका अनुसार यान्त्रिक रूपमा सम्पन्न हुने प्रक्रिया होइन।अनुसन्धानको मूल स्वभाव नै अनिश्चितता, खोज, परीक्षण र पुन: परीक्षणमा आधारित हुन्छ। अनुसन्धानको यात्रामा अनपेक्षित अवरोधहरू आउनु असामान्य होइन। कहिले अनुसन्धान विधि परिवर्तन गर्नुपर्ने हुन्छ, कहिले अपेक्षित नतिजा प्राप्त हुँदैन, कहिले आवश्यक तथ्यांक संकलनमा समस्या आउँछ, त कहिले अनुसन्धानका प्राथमिकताहरू नै पुनर्संरचना गर्नुपर्ने अवस्था सिर्जना हुन्छ।

यस्ता परिस्थितिहरू अनुसन्धान प्रक्रियाका स्वाभाविक अंग हुन्, व्यक्तिगत कमजोरी वा लापरबाहीका प्रमाण होइनन्।विश्वव्यापी कोभिड-१९ महामारीले यसको स्पष्ट उदाहरण प्रस्तुत गरेको थियो। संसारभर हजारौं विद्यावारिधि शोधार्थीहरूको अध्ययन तथा अनुसन्धान कोभिड महामारीले प्रभावित भयो। प्रयोगशालाहरू लामो समयसम्म बन्द भए, क्षेत्रगत अध्ययन तथा तथ्यांक संकलनका कार्यहरू रोकिए, अन्तर्राष्ट्रिय आवागमनमा प्रतिबन्ध लाग्यो, अनुसन्धान सामग्री तथा स्रोतहरूमा पहुँच सीमित भयो।कतिपय शोधार्थीहरूले मार्गदर्शक प्राध्यापक परिवर्तन गर्नुपऱ्यो भने कतिपयले आृनो अनुसन्धान योजना नै पुन: तयार गर्न बाध्य भए।यस्ता असाधारण परिस्थितिलाई मध्यनजर गर्दै विश्वका प्रतिष्ठित विश्वविद्यालयहरूले कठोर दण्डात्मक दृष्टिकोण अपनाएनन्। बरु महामारी तथा अन्य अप्रत्याशित परिस्थितिका कारण प्रभावित शोधार्थीहरूका लागि अध्ययन अवधि विस्तार, अनुसन्धान समयसीमामा लचकता, वैकल्पिक अनुसन्धान व्यवस्था, मनोसामाजिक सहयोग तथा विशेष शैक्षिक सहुलियतहरू उपलब्ध गराए।दुर्भाग्यवश, धेरै अवस्थामा हाम्रो नीतिगत तथा प्रशासनिक दृष्टिकोणले अनुसन्धान प्रक्रियामा आउने असाधारण र व्यक्तिको नियन्त्रणबाहिरका यस्ता परिस्थितिहरूलाई पर्याप्त रूपमा सम्बोधन गर्न सकेन। यति मात्र होइन, कतिपय घटनाहरूमा सम्बन्धित व्यक्तिहरूको नाम सार्वजनिक गरेर उनीहरूलाई सार्वजनिक आलोचना र सामाजिक अपमानको घेरामा उभ्याउने प्रवृत्ति पनि देखियो। अनुसन्धान सम्पन्न हुन नसक्नु वा ढिलाइ हुनुका कारणहरूको निष्पक्ष मूल्यांकन नगरी व्यक्तिलाई नै दोषको केन्द्रमा राख्ने अभ्यासले समस्याको समाधानभन्दा बढी अविश्वास र निरुत्साह सिर्जना गर्छ।

कुनै पनि विश्वविद्यालयको शक्ति केवल भवन, बजेट वा प्रशासनिक संरचनामा सीमित हुँदैनह त्यसको वास्तविक शक्ति अनुसन्धानकर्ता, शिक्षक र ज्ञान उत्पादन गर्ने समुदायमा निहित हुन्छ। यदि अनुसन्धानमा देखिने प्रत्येक अवरोधलाई शंकाको दृष्टिले हेरिने हो भने त्यसले अनुसन्धान संस्कृतिलाई कमजोर बनाउने, नयाँ पुस्ताका अनुसन्धानकर्तालाई निरूत्साहित गर्ने र दीर्घकालीन रूपमा संस्थाको बौद्धिक क्षमतालाई नै असर पुऱ्याउने जोखिम रहन्छ। जबाफदेहिता आवश्यक छ, तर जबाफदेहितासँगै न्याय, सन्दर्भको बुझाइ र अनुसन्धान प्रक्रियाको वास्तविकताको सम्मान पनि उत्तिकै आवश्यक हुन्छ। परिपक्व शैक्षिक संस्थाले बेइमानीलाई कारबाही गर्छ, तर अनुसन्धानको स्वाभाविक जोखिम र वास्तविक कठिनाइलाई पनि बुझ्ने क्षमता राख्छ।

शैक्षिक लगानी कि ऋण सम्झौता

व्यवहारमा हेर्दा, अध्ययन बिदा नीतिले अध्ययन बिदालाई शैक्षिक तथा बौद्धिक लगानीभन्दा बढी आर्थिक दायित्व वा ऋण सम्झौताजस्तो बनाइदिएको अनुभूति हुन्छ । मानौं ५ वर्षको बिदा पूरा भयो, तर विभिन्न परिस्थितिजन्य कारणले शिक्षा पूर्ण नभइसकेको अवस्थामा के विदेशी विश्वविद्यालयमा अध्ययनरत प्राध्यापकहरूले पढाइ कि जागिरमध्ये एक रोज्नुपर्ने हो त ? जागिर नै रोजाइमा परे पनि प्राध्यापकहरूले यदि शैक्षिक प्रमाणपत्र पेस गर्न नसकेमा ५ वर्षको खर्च भइसकेको तलब-सुविधा बुझाउनैपर्ने आजको बाध्यता छ।यति धेरै जोखिम मोलेर उच्च अध्ययनमा जाने भोलि प्राध्यापकहरूले जोखिम मोल्ने कि नमोल्ने ? यो सोचनीय विषय हुनुपर्छ। अझै भन्ने हो भने यो व्यवस्थाले त प्राध्यापकहरूलाई उच्च शिक्षा अघि बढाउनुभन्दा अध्यापनमै बसिरहन प्रोत्साहन गर्छ। एक त अध्ययनमा समय खर्चिनुपर्ने, त्यसमाथि तलबबाहेक कुनै सुविधा नपाउने, कारणवश अध्ययन पूरा भएन भने थप बिदा पनि नपाउने र, अझै विश्वविद्यालयले दिएको खर्च भइसकेको तलबसुविधा पनि सम्पूर्ण तलब एकमुष्ट ब्याजसहित बुझाउनुपर्ने, त्यस्तै परे जागिर पनि जाने।अर्को महत्त्वपूर्ण पक्ष पनि छ। उच्च शिक्षा र अनुसन्धानको विश्वव्यापी प्रणालीमा विद्यावारिधिपछि उत्तरविद्यावारिधि अनुसन्धान, अन्तर्राष्ट्रिय अनुसन्धान फेलोसिप, छोटो अवधिका शैक्षिक आदानप्रदान कार्यक्रम तथा अनुसन्धान अवकाशलाई शैक्षिक विकासको स्वाभाविक चरण मानिन्छ।तर सेवा अवधिको कठोर बन्धनले व्यक्तिको मात्र होइन, विश्वविद्यालयकै अन्तर्राष्ट्रिय अनुसन्धान सञ्जाल विस्तार गर्ने सम्भावना पनि सीमित हुन सक्छ। यस प्रकारको नीतिको दीर्घकालीन प्रभावले सम्पूर्ण विश्वविद्यालय प्रणालीलाई प्रभावित गर्छ।

**सम्भावित सुधारका उपायहरू**

१. **'दुरूपयोग' को स्पष्ट र वस्तुनिष्ठ परिभाषा**:अध्ययन बिदाको सन्दर्भमा 'दुरूपयोग' के हो भन्ने कुरा स्पष्ट, सीमित र प्रमाणका आधारमा पुनर्व्याख्या हुनुपर्छ।

२. **अनुसन्धान योगदानको मूल्यांकन प्रणाली**:अध्ययन बिदाको अवधिमा प्राध्यापकले अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सहभागी भएका, जर्नलमा प्रकाशन, अनुसन्धान सहकार्य, वा विद्यार्थी पर्यवेक्षण गरेका छन् भने ती उपलब्धिहरूलाई औपचारिक रूपमा मान्यता दिई सेवा दायित्व वा करिअर मूल्यांकनमा समावेश गर्नुपर्ने व्यवस्था आवश्यक छ।

३. **सेवा बन्धनको पुनरावलोकन र अन्तर्राष्ट्रिय मापदण्डसँग समायोजन** :हालको ३ देखि ५ वर्षसम्मको सेवा बन्धनलाई पुनर्विचार गरी विशेष परिस्थितिमा प्राध्यापक तथा शिक्षकहरूलाई सेवा बन्धन पूरा गर्ने वैकल्पिक व्यवस्था प्रदान गर्न सकिन्छ।अन्तर्राष्ट्रिय अभ्यास अनुसार उनीहरूले अनलाइन अध्यापन, शोध निर्देशन, संयुक्त अनुसन्धान, पाठ्यक्रम विकास, प्रकाशन, विश्वविद्यालयको अन्तर्राष्ट्रिय सहकार्य विस्तार तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यमार्फत संस्थाप्रति आृनो दायित्व निर्वाह गर्न सक्ने व्यवस्था गर्न सकिन्छ।यस प्रकारको लचिलो व्यवस्थाले विश्वविद्यालयलाई विश्वव्यापी शैक्षिक सञ्जालसँग जोड्न सहयोग गर्नुका साथै विदेशमा रहेका नेपाली प्राध्यापकहरूको ज्ञान, सीप र अन्तर्राष्ट्रिय अनुभवलाई राष्ट्रिय उच्च शिक्षाको विकासमा उपयोग गर्न मद्दत पुऱ्याउँछ।

४. **अप्रत्याशित परिस्थितिको औपचारिक व्यवस्था** :कोभिड-१९ महामारी, गम्भीर स्वास्थ्य समस्या, युद्ध, राजनीतिक अस्थिरता वा अन्य अप्रत्याशित परिस्थितिका लागि स्पष्ट रूपमा अवधि विस्तार, आंशिक छुट वा लचकता सम्बन्धी कानुनी तथा प्रशासनिक व्यवस्था अनिवार्य रूपमा समावेश गर्नुपर्छ।- **सेतोपाटी डटकम**

(***लेखक त्रिभुवन विश्वविद्यालयका एक प्राध्यापक हुन् ।***)

# अवैध लागूऔषध सहित ३६ जना पक्राउ




**पाल्पा,** असार २८/ देशका विभिन्न स्थानबाट अवैध लागु औषधसहित ३६ जना पक्राउ परेका छन् । प्रहरी केन्द्रीय समाचार कक्षका अनुसार रोल्पा, महोत्तरी, झापा, चितवन, सुनसरी, सिराहा, मोरङ, कञ्चनपुर, कैलाली, ललितपुर, काठमाडौं लगायतका जिल्लाहरुबाट प्रहरीले अवैध लागु औषधसहित ३६ जनालाई पक्राउ गरेको हो ।

रोल्पाको रोल्पा नगरपालिका-२ साततल्ले चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय ४० मिलिग्राम सहित सोही नगरपालिका-६ रिमसक बस्ने २३ वर्षीय आर्दश घर्तीलाई प्रहरीले पक्राउ गरेको छ । यस्तै काठमाडौं महानगरपालिका-६ कुमारीगलबाट नियन्त्रित लागूऔषध ट्रामाडोल ७२ हजार ९ सय ट्याब्लेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोलुखुम्बु नेचा सल्यान गाउँपालिका-६ घर भएका २७ वर्षीय किरण सुनाम र मकवानपुर हेटौंडा उपमहानगरपालिका-७ घर भएका २४ वर्षीय अनिल लामा रहेका छन् ।यस्तै महोत्तरीको बर्दिबास नगरपालिका-१ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ५ सय ७० मिलिग्राम र गाँजा १ सय ५५ ग्राम सहित धनकुटा घर भएका २६ वर्षीय अजय राईलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय बर्दिबास समेतबाट खटिएको प्रहरीले धरानबाट काठमाडौंतर्फ जाँदै गरेको प्रदेश १-०२-००२ ख ०१२७ नम्बरको बसमा सवार उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

यस्तै ललितपुरको ललितपुर महानगरपालिका-२९ हरीसिद्दीबाट अवैध लागूऔषध खैरो हेरोइन २९ ग्राम सहित धादिङ धुनीवेशी नगरपालिका-९ घर भएका ३८ वर्षीय अनिल श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । यसैगरी ललितपुरकै महालक्ष्मी नगरपालिका-४ ईमाडोल पृथ्वीचोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब २६ ग्राम २ सय मिलिग्राम सहित सोही ठाउँ बस्ने खोटाङ घर भएका २१ वर्षीय समिर भन्ने गोबिन्द प्रधानलाई प्रहरीले पक्राउ गरेको छ । यस्तै कैलालीको टीकापुर नगरपालिका-१ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ३ सय ९० मिलिग्राम सहित सोही नगरपालिका-१ बस्ने १७ वर्षीय किशोर समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । यसैगरी कैलालीकै धनगढी उपमहानगरपालिका-१ त्रिवेणी घाटबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम २ सय ७० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २१ वर्षीय अस्मित कठरिया र २३ वर्षीय मनिष चौधरी रहेका छन् । यसैगरी कैलालीको बर्दगोरिया गाउँपालिका-२ बौनिया बजारबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ३ सय ५० मिलिग्राम सहित लम्कीचुहा नगरपालिका-८ गप्का बस्ने २७ वर्षीय महेन्द्र ओखेडा समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । यस्तै बर्दिया, राजापुर नगरपालिका-४ घुम्ना बस्ने २० वर्षीय बिनय चौधरी समेत २ जनालाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्राम २ सय ३८ मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ । बाँकेको नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ११ ग्राम ९ सय १० मिलिग्राम सहित सुर्खेत वीरेन्द्र नगर नगरपालिका-९ बस्ने २३ वर्षीय सुर्य बहादुर रावतलाई प्रहरीले पक्राउ गरेको छ । कञ्चनपुरको भीमदत्त नगरपालिका-१८ मामाभान्जा चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब ५ सय २० मिलिग्राम सहित सोही ठाउँ बस्ने २४ वर्षीय आदित्य खुना समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

## खेलकुद समाचार

### इङ्ग्ल्यान्ड टी-२० वरीयताको शीर्ष स्थानमा



**काठमाडौं,** असार २८/ भारतलाई पछि पार्दै इङ्ग्ल्यान्ड आईसीसी टी-२० वरीयताको शीर्ष स्थानमा उक्लिएको छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् ( आईसीसी) ले सार्वजनिक गरेको पछिल्लो वरीयतामा इङ्ग्ल्यान्ड दोस्रो स्थानबाट शीर्षमा उक्लिएको हो ।घरेलु मैदानमा भएको ५ खेलको टी-२० शृङ्खला ४-० ले जितेपछि इङ्ग्ल्यान्डले यो उपलब्धि हासिल गरेको हो ।

यसअघि भारतले आयरल्यान्डसँगको टी-२० शृङखला २-० ले हारेको थियो ।भारत १ हजार ६०५ दिनपछि टी-२० वरीयतामा शीर्षबाट दोस्रो स्थानमा झरेको हो । भारत सन् २०२२ को फेब्रुअरीदेखि शीर्ष स्थानमा रहँदै आएको थियो । इङ्ग्ल्यान्डसँगको शृङ्खलामा भारतीय टोलीका धेरै युवा खेलाडीहरूले अवसर पाए । कप्तान श्रेयस अर्ययरको नेतृत्वमा रहेको टोलीले अपेक्षाअनुरूप प्रदर्शन गर्न भने सकेन । अब भारत र इङ्ग्लयान्डबीच मंलवारदेखि ३ खेलको एकदिवसीय शृङ्खला शुरू हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# सिद्धार्थ बैंकले ल्यायो 'महिला समृद्धि कर्जा'



**पाल्पा,** असार २८/ सिद्धार्थ बैंक लिमिटेडले महिलाहरुलाई लक्षित गर्दै नयाँ योजना ल्याएको छ । बैंकले महिला स्वामित्व वा नेतृत्वमा सञ्चालित लघु, साना तथा मझौला उद्यमलाई लक्षित गरी 'सिद्धार्थ महिला समृद्धि' कर्जा सञ्चालनमा ल्याएको हो ।

यस योजनाअन्तर्गत महिला उद्यमीले १५ लाख रुपैयाँसम्म बिना धितो कर्जा प्राप्त गर्न सक्नेछन् । त्यसैगरी, आंशिक धितोका आधारमा २५ लाख रुपैयाँसम्म तथा पूर्ण धितोका आधारमा ५० लाख रुपैयाँसम्म कर्जा सुविधा उपलब्ध हुनेछ । यसका लागि बैंकले इन्टरनेशनल फाइनान्स कर्पोरेशनको प्राविधिक सहयोगमा विशेष 'स्कोरकार्ड' मूल्यांकन प्रणाली विकास गरेको छ । यस प्रणालीले परम्परागत बैंकिङ अभ्यास जस्तै धितोलाई मात्र प्रमुख आधार नबनाई व्यवसायको प्रकृति, सञ्चालन अनुभव, वित्तीय अवस्था, नगद प्रवाह तथा उद्यमीको क्षमता लगायतका पक्षहरूको समग्र विश्लेषण गर्दछ । यस व्यवस्थाले धितो अभावकै कारण वित्तीय पहुँचबाट वञ्चित हुनुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै व्यवसायको सम्भावनालाई प्राथमिकतामा राख्ने बैंकले विश्वास लिएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, क्रम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

# आज भानु जयन्ती...

...यो तामझामले भानु जयन्तीको रौनक अरुभन्दा भिन्न हुने गर्छ । यस दिन चोक-चोकमा दौरा-सुरुवाल, कालो बिर्खे टोपी र सेतो पटुकीमा चिरिच्याङ्ग रामायणधारी भानुभक्तहरु निकाल्ने गरिन्छ । भानुभक्त र घाँसीको प्रेरणादायी कथा स्मरण गराउने र्‍यालीले भानुजयन्तीलाई शोभयामन तुल्याएका छन् । विगतमा यस्ता गतिविधिहरु व्यापक रुपमा हुने गरेको भए पनि पछिल्ला दिनहरुमा भने विस्तारै कम हुँदै गएको छ । विसं १८७१ असार २९ गते तनहुँको चुँदीरम्घा गाउँमा जन्मिएका भानुभक्तले सरल नेपाली भाषामा लेखिएको अयोध्याका राजा रामको जीवनीलाई भावानुवादसहितको 'रामायण' प्रस्तुत गरेर नेपाली भाषा र समाजलाई ठूलो गुन लगाएका छन् । उनले लेखेको रामायण अहिले पनि नेपालीको घर-घरमा सस्वर लय हालेर पाठ गरिन्छ । पृथ्वीनारायण शाहले भौगोलिकरूपमा एकीकरण गरेको नेपाललाई आदिकवि भानुभक्तले भाषा, साहित्य र संस्कृतिमार्फत् एकीकरण गरेका हुन् । नेपाली जातीय एकता, राष्ट्रिय पहिचान र नेपाली सांस्कृतिक चेतना जगाउन र राष्ट्रिय संस्कृतिलाई बलियो बनाउनमा भानुभक्तको ऐतिहासिक योगदान रहेको छ । भानुभक्तको निधन विसं १९२५ असोजमा भएको थियो । भानुभक्तको जन्मजयन्ती भारतको दार्जिलिङ, सिक्किमलगायत नेपाली भाषा भाषी धेरै रहेका स्थानमा पनि मनाइन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई